जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ॥-कवि पवेन्द्र मानश्रेष्ठ

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

सबै क्षेत्रको प्रबर्द्धनको गुरु

जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
वि. महोत्तरी हु.द.नं. ४/०८०/८१

www.jaleshwortoday.com

# जलेश्वर टुडे

Jaleshwor Today National Daily

एक कदम अगाडि

बर्ष १२ • अंक २१५ • २०८२ जेष्ठ १२ गते सोमवार • 26 May 2025 • पृष्ठ ४ • मुल्य रु.५/-




# अर्थतन्त्रको ‘घाँटी थिच्ने’ घरजग्गा मन्दी बजेटले सम्बोधन गर्न चुनौतिपूर्ण

जलेश्वरटुडे समाचारदाता
जनकपुरधाम, ११ जेष्ठ



कोभिड-१९ महामारी अघि दिनरात फस्टाइरहेको घरजग्गा कारोबारमा करिब ६ वर्षदेखि मन्दी छाएको छ। अहिले मूल्यवृद्धि त परै जाओस्, खरिदभन्दा घटाएर दिए पनि किन्ने ग्राहक छैनन्।

त्यसको प्रभावले अहिले मुलुकको आन्तरिक अर्थतन्त्र नै हल्लिएको छ। घरजग्गामा छाएको मन्दीकै कारण धेरै सहकारी संस्था संकटमा परे, निक्षेपकर्ताले बचत फिर्तासमेत पाएका छैनन्। केही सहकारीले ठूला निक्षेपकर्तालाई जग्गा नै दिएर हिसाब मिलान गरे। सहकारी मात्रै होइन, घरजग्गा कारोबारको मन्दीले वाणिज्य बैंककै वित्तीय विवरण बिगारेको छ। ऋणको साँवा, ब्याज असुलका लागि धितो राखिएको घरजग्गा लिलामी बिक्री गर्न खोज्दा आवेदन पर्न छाड्यो। काठमाडौं उपत्यकाको घरजग्गामा निकै कम मूल्य राखेर फाट्टफुट्ट लिलामी सकार्ने आवेदन पर्ने गरे पनि काठमाडौं बाहिर आवेदन नै नपर्ने समस्या रहेको बैंकर बताउँछन्। ‘मन्दीकै कारण अहिले बैंकलाई घरजग्गा लिलामी बिक्री गर्न सकस भइरहेको छ,’ एनएमबी बैंकका प्रमुख कार्यकारी अधिकृत (सीईओ) गोविन्द घिमिरेले भने। खराब कर्जा र गैर बैंकिङ सम्पत्ति बढेको छ। अब यही खराब कर्जा र गैरबैंकिङ सम्पत्ति व्यवस्थापनका लागि भन्दै एसेट म्यानेजमेन्ट कम्पनी (एएमसी) सञ्चालन गृहकार्य भइरहेको छ। नेपाल राष्ट्र बैंकले एएमसी सञ्चालन सम्बन्धमा ऐनको मस्यौदा तयार पारेको छ। सरकारले घरजग्गा व्यवसायलाई एउटा उद्योगका रूपमा स्वीकारेर अघि बढ्नुपर्नेमा अनुत्पादक क्षेत्र भनेर कसिरहेको घिमिरेले बताए। अर्थतन्त्रलाई नै अप्ठेरो पारेको घर जग्गा कारोबार अब व्यवस्थित गरेर लैजानुपर्ने सम्बद्ध विज्ञ बताउँछन्। घरजग्गा कारोबार व्यवस्थित बनाउनकै लागि सरकारले कम्पनी मार्फत मात्रै कारोबार गर्ने गरी नीतिगत व्यवस्था पनि गऱ्यो। तर, कार्यान्वयन हुन सकेको छैन। नेपाल जग्गा तथा आवास विकास महासंघ अध्यक्ष ध्रुव (विष्णु) घिमिरे सबैभन्दा पहिला घरजग्गालाई सरकारले हेर्ने नजर नै सकारात्मक हुनुपर्ने बताउँछन्। कम्पनी वा ब्रोकर मार्फत मात्रै घर जग्गा कारोबार गर्न ती कम्पनीलाई पहिले लाइसेन्स दिएर थालनी गर्नुपर्ने उनको भनाइ छ। ‘अर्थमन्त्रीले पनि बारम्बार लाइसेन्स दिने र कम्पनी मार्फत नै कारोबारको व्यवस्था गर्ने आश्वासन दिइरहनु भएको छ, तर कार्यान्वयन हुन सकेको छैन,’ उनले भने। सरकारले घरजग्गा व्यवसायलाई एउटा उद्योगका रूपमा स्वीकारेर अघि बढ्नुपर्नेमा अनुत्पादक क्षेत्र भनेर कसिरहेको घिमिरेले बताए। ‘मन्त्रालयहरूबीच समन्वय नहुने, सचिव तथा कर्मचारीको सरुवा भइर हने जस्ता समस्याले पनि हरेक कार्यमा ढिलाइ हुने गरेको छ,’ उनले भने। महासंघले बजेटमा सम्बोधन गर्नुपर्ने विषयबारे सरकारलाई विभिन्न सुझाव दिइसकेको छ। जसअनुसार रियल इस्टेट उद्योग र अन्य उद्योगका हकमा हदबन्दी मुख्य बाधक रहेकाले हदबन्दी सम्बन्धी विद्यमान कानुनमा परिमार्जन गरी सहज गराइनुपर्ने माग व्यवसायीको छ। हदभन्दा बढी जग्गा आवश्यक पर्ने उद्योग, प्रतिष्ठान, कम्पनी, आयोजना, शिक्षण वा स्वास्थ्य संस्था, कृषि व्यवसाय सम्बन्धी संस्थाले प्रक्रिया पूरा गरेर भूमि व्यवस्थापन तथा अभिलेख विभागमा निवेदन दिए विभागले आवश्यकता रहे/नरहेको निरीक्षण गरी स्वीकृति दिन सक्ने व्यवस्था छ। तर, प्रक्रियागत झन्झट र स्वीकृतिका लागि ढिलासुस्ती हुने गरेको व्यवसायी बताउँछन्। नेपालमा अपार्टमेन्ट खरिद गरी बस्न चाहने विदेशीलाई १ सयभन्दा बढी युनिट रहने अपार्टमेन्टले बढीमा २० प्रतिशत विदेशीले खरिद गर्न पाउने नीति लिइएको छ। आव २०७९/८० को बजेट मार्फत ठूला अपार्टमेन्टले २० प्रतिशत विदेशीलाई बिक्री गर्न पाउने व्यवस्था गरे पनि अहिलेसम्म कार्यान्वयनमा आउन नसकेको महासंघले जनाएको छ। नेपालमा अपार्टमेन्ट खरिद गरी बस्न चाहने विदेशीलाई १ सयभन्दा बढी युनिट रहने अपार्टमेन्टले बढीमा २० प्रतिशत विदेशीले खरिद गर्न पाउने नीति लिइएको छ। यसलाई बढाएर बढीमा ४९ प्रतिशतसम्म कायम गर्नुपर्ने र कार्यान्वयनका लागि नीतिगत व्यवस्था गरिदिनुपर्ने महासंघका महासचिव रोशन भोयोद्यो बताउँछन्। रियल इस्टेट कम्पनीलाई तीनै तहको सरकारसँग सहकार्य गरी जग्गा तथा आवास विकास कार्यक्रम सञ्चालन गर्न दिने व्यवस्था गरि दिनुपर्ने उनले बताए। ‘घरजग्गा खरिद-बिक्री गर्दा खरिदकर्ताले अनिवार्य आयस्रोत खुलाउनु पर्ने तथा रजिस्ट्रेसन दस्तुर बाहेक पूँजीगत लाभकर समेत तिर्नुपर्ने प्रावधानले गर्दा कारोबारमा कमी आइरहेकाले यो प्रावधान हटाइ आम्दानीको स्रोत खुलाउँदा स्वघोषणालाई मान्यता दिएर उत्साहित गराउन सकियोस्,’ महासंघले सरकारलाई दिएको सुझावमा उल्लेख छ। अव्यवस्थित आवास निमार्णकर्ताले जथाभावी तला थप्ने, बिनास्वीकृति घर निर्माण गर्ने कार्य गरिरहँदा सहर अव्यवस्थित र भद्रगोल बनेको भन्दै महासंघले आवश्यक नीति, नियम बनाइ अव्यवस्थित बस्ती विकास निर्माण निरुत्साहित गर्न सुझाव दिएको छ। व्यवस्थित बस्ती विकास परियोजना प्रोत्साहित गरे राज्यले पाउने करसमेत बढ्ने महासंघको भनाइ छ। घरजग्गा खरिदका लागि आम्दानी जोडेर नीतिगत व्यवस्था गरिनुले नै कारोबारलाई अवरोध गरिरहेको घिमिरेको भनाइ छ।

त्यस्तै राष्ट्र बैंकले पनि घरजग्गा सम्बन्धी केही नीति सहजीकरण गर्नुपर्ने आवश्यक रहेको अध्यक्ष घिमिरेले बताए। हालको लोन टु भ्यालु रेसियो ५० प्रतिशतलाई बढाएर ७० प्रतिशत पुऱ्याउनुपर्ने उनको भनाइ छ। घरजग्गा खरिदका लागि मूल्यांकन गरिएको रकममा हाल ५० प्रतिशतसम्म बैंकले ऋण उपलब्ध गराउने व्यवस्था छ।

## वैदेशिक रोजगारीका सम्बन्धमा ध्यान दिनुपर्ने कुराहरू

- १८ वर्ष उमेर पूरा नभई वैदेशिक रोजगारीमा नजाऔं,
- वैदेशिक रोजगारमा जानुअघि आवश्यक सीप तथा भाषा सिकौं,
- आफू जान लागेको देश, गर्ने काम र पाउने पारिश्रमिकको जानकारी लिऔं,
- अर्काको लहैलहैमा वैदेशिक रोजगारमा नजाऔं,
- ईजाजत प्राप्त कम्पनी मार्फत रोजगारीमा जाऔं, दलालको फन्दामा नपरौं,
- सुरक्षित वैदेशिक रोजगारका लागि श्रम स्वीकृति लिएर मात्र जाऔं,
- नेपालको विमानस्थल प्रयोग गरेर मात्र वैदेशिक रोजगारमा जाऔं,
- सरकारले तोकेभन्दा बढी रकम मांगेमा तुरुन्त वैदेशिक रोजगार विभाग वा स्थानीय प्रशासनमा खबर गरौं,
- विदेशमा कमाएको रकम सुरक्षित राखौं र आधिकारिक माध्यमबाट मात्र घर पठाऔं,
- विदेशमा फजुल खर्च नगरौं, कमाएको रकम बचत गरी घर फर्की आफै उद्यमी बनौं,
- श्रम स्वीकृतीको अवधि सकिएपछी अनिवार्य स्वदेश फर्किऔं,
- पुनः जानु पर्ने भए श्रम स्वीकृति लिएर मात्र जाऔं ।

सम्सी गाउंपालिकाको कार्यालय, महोत्तरी

## पशु बीमा गरौं, ढुक्क होऔं ।

पशुपालन देशको अर्थतन्त्रको मुख्य आधार हो । तर, प्राकृतिक विपत्ती, रोगव्याधी वा दुर्घटनाको कारण पशुको मृत्यु भएमा किसानहरुको आर्थिक हानी हुने गरेको छ । यसलाई ध्यानमा राखी नेपाल सरकारले पशुपालनको सुविधाको लागि पशु बीमा योजना लागु गरेको छ ।

घरपालुवा गाई, भैंसी, बाखा, भेंडा, सुँगुर, कुखुरा, माछा इत्यादीको बीमा गराई ढुक्क हुनुहोस् । रोग, महामारी वा कुनै भवितव्य दुर्घटनाबाट पशुवस्तुको मृत्यु भएमा बीमा गरेवापत सुविधा प्राप्ति गर्न सकिन्छ । ढुक्क भएर व्यवसायिक रुपमा पशुपालन गर्नका लागि बीमा अन्त्यन्तै लाभदायक हुने भएकोले आजै बीमा गराउनुहोस् । पशु बीमा सम्बन्धी थप जानकारीका लागि नजिकैको भेटेनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रमा सम्पर्क गर्नुहोस् ।

मधेश प्रदेश सरकार
आमसञ्चार प्राधिकरण

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक
www.jaleshwortoday.com
जलेश्वर टुडे
Jaleshwor Today National Daily
एक कदम अगाडि




## औषधी पसल २४ सै घण्टा खोलाउ

प्रादेशिक अस्पताल जलेश्वर नजिकै रहेका दर्जनौं औषधि पसलहरू दिनभरि बिरामी तान्न व्यस्त हुन्छन् , तर राती १० बजेपछि सबै पसल बन्द हुने गरेको पाइएकोले स्थानियहरुमा चिन्ता बढेको देखिन्छ। यसले गर्दा आकस्मिक रूपमा उपचारका लागि रातको समयमा अस्पताल पुग्ने बिरामीहरू ठूलो समस्यामा पर्ने गरेका छन् भने औषधीको अभावमा ज्यान समेत गुमाउनुपर्ने अवस्था सृजना हुन सक्ने देखिन्छ ।

अस्पताल परिसरभित्र रहेको सरकारी फार्मेसीमा सीमित औषधि मात्र उपलब्ध हुने हुँदा त्यसभन्दा बाहिरका औषधिहरूको आवश्यकतामा बिरामी र उनका आफन्तहरू अन्यौलमा पर्न बाध्य छन्।

स्थानीय व्यवसायीहरू दिनको समयमा प्रतिस्पर्धा गर्दै आफ्नो पसलमा ग्राहक ल्याउने होडमा देखिए पनि, रातको समयमा जिम्मेवारीबाट पन्छिन खोज्ने गरेको देखिन्छ । जबकि प्रादेशिक अस्पतालले दैनिक सयौं बिरामीलाई सेवा दिइरहेको छ, र इमर्जेन्सी कक्षमा रातको समयमा समेत बिरामीको चाप बढेको रहन्छ ।

अन्य शहरहरुमा जस्तै जलेश्वरमा समेत "स्वास्थ्य सेवा २४ सै घण्टा उपलब्ध हुनुपर्छ । औषधिको अभावका कारण ज्यान जोखिममा पर्ने अवस्था जो कोहिलाई पनि अत्यन्तै दु:खद हुन सक्छ । विकल्पको रुपमा स्थानीय प्रशासन र स्वास्थ्य कार्यालयलाई औषधि पसलहरूको पालो मिलाएर रातको समयमा पनि सेवा खुला गराउने व्यवस्था मिलाउनु पर्ने आवश्यकता रहेको देखिन्छ। साथै जलेश्वर प्रादेशिक अस्पतालको व्यवस्थापनमा प्रदेश सरकारको अहम भूमिका रहेको कारण यसलाई प्रदेश सरकारले समेत नजिकैबाट हेरी दिगो समाधानको लागि औषधी व्यवसायी संघ महोत्तरीसँग हातेमालो गरेर अगाडी बढन जरुरी देखिन्छ। यस कार्यमा स्थानीय जलेश्वर नगर पालिकाको नगर प्रमुखले समेत ध्यान दिन जरुरी छ ।

# तराई मधेसमा महिलाहरु आज 'वट सावित्री'पर्व धुमधामसँग मनाउँदै



**रासस**
**महोत्तरी, ११ जेष्ठ**

मिथिलानीहरू तराई मधेससहित सम्पूर्ण मिथिलाञ्चलमा आज सोमबार अटल सौभाग्यको कामना गर्दै वट सावित्री पर्व मनाउँदै छन्।

पतिको दीर्घायुको कामना गर्दै नवविवाहिता तथा विवाहित नारीले प्रत्येक वर्ष मनाइने वट सावित्री पर्वका लागि महोत्तरीसहित सम्पूर्ण मिथिलाञ्चलका नारीहरू ( मिथिलानीहरू) विभिन्न तयारीमा लागेका छन्। मिथिलानीहरू अहिले आआफ्नो गाउँठाउँको हाट बजारमा रातो, पहेँलो तथा रङ्गीचङ्गी नयाँ वस्त्र, चुरा पोते, टिका, बिन्दी तथा मेहन्दी किनमेल गर्न व्यस्त देखिएका छन्। पर्वकै लागि अनिवार्य वस्तु बाँसको चोयाबाट निर्मित पङ्खा र डालो किनमेल गर्नमा व्यस्त छन्। पर्व आउन अब एक साता मात्रै बाँकी र हुँदा महोत्तरीको सदरमुकाम जलेश्रुवर नगरपालिका- १ मा अवस्थित हटियामा अहिले प्रत्येक दिन साँझपख महिलाको घुइँचो लाग्ने गरेको छ। जहाँ महिला बाँसको पङ्खा र डालो किनिरहेको देख्न सकिन्छ। त्यस्तै दिनभरि यहाँको विभिन्न शृङ्गार पसल, कपडा, पसल र चुरापोतेको पसलमा महिलाको भीडभाड रहने गरेको छ। पतिको दीर्घायुको कामना र दाम्पत्य जीवनको सुख समृद्धिका लागि महोत्तरी लगायत तराई, मधेसका महिलाले सोमबार वट सावित्री पर्व मनाउने जलेश्रुवर नगरपालिका- १ मा अवस्थित बाबा जलेश्वरनाथ महादेवका मुख्य पूजारी उपेन्द्र पाठकले बताए। मिथिलाञ्चलमा बट सावित्री पर्वलाई स्थानीय भाषामा 'बर साइत पावइन' भन्ने गरिन्छ। जेठ कृष्णपक्ष अमावस्याका दिन मनाइने बर साइत पावइन (वट सावित्री पर्व) नवविवाहिता र सामान्य विवाहित महिलाले फरकफरक विधिअनुसार मनाउने चलन छ। नवविवाहिता महिलाले पहिलो वरसाइत (बिहेपछि आउने पहिलो पर्व) अनिवार्य रूपमा ससुराली (श्रीमानको घर) मै मनाउनुपर्छ। नवविवाहिताले पर्वको लागि नहायखाय (स्नान गरी सात्विक भोजन) गरेपछि सोह्रश्रृङ्गार अर्थात लाउने लुगादेखि चुरासम्मका सबै शृङ्गार र पहिरनका सामग्री माइतबाटै पठाइन्छ । पर्वका दिन बिहानै नुवाइधुवाइ गरी रातो, पहेँलो पहिरनमा नजिकको वर (वट)को रूखमुनि बसेर नवविवाहितले आफ्ना पतिका साथ पूजा गर्दछन्।

उपलब्ध भए वर र पीपल दुवैसँगै भएको ठाउँमा वा नभए वरको रूखमुनि पीपलको हाँगा गाडेर भए पनि वर र पीपल दुवैको उपस्थितिमा पति र पत्नी मिलेर पूजा गरिन्छ।

# अंशुका परिवारको पक्षमा तेस्रोलिंगी सडकमा



**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, ११ जेष्ठ**

जनकपुरधाममा होलीको दिन निर्ममतापूर्वक हत्या गरिएका १७ वर्षीय अंशु यादवको हत्याका मुख्य आरोपी अझै फरार रहँदा लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायले सडकमा उत्रिएर सशक्त विरोध जनाएका छन्। आइतबार बजरंग चोकबाट सुरु भएको विरोध र्‍याली रामानन्द चौक हुँदै जिल्ला प्रशासन कार्यालयसम्म पुगेको थियो। प्रदर्शनमा अंशुकी आमा अर्चना यादव दुई नाबालिका छोरीसहित सहभागी भइन्। आक्रोशित भीडले 'हत्या गरेको देखिएको छ। तर, न्याय किन छैन?', 'अंशुका हत्यारालाई कारबाही गर', 'हाम्रो अस्तित्व सुरक्षित छैन' जस्ता नारा लगाउँदै जनकपुर-ढल्केबर सडक झन्डै एक घण्टा अबरुद्ध गरे। सो क्रममा दर्जनभन्दा बढी सवारी साधनमा तोडफोडसमेत भएको जनाइएको छ। गत चैत १७ गते होलीका दिन अंशुको छुरा प्रहार गरी हत्या गरिएको थियो। घटनास्थलबाट पक्राउ परेका धर्मेन्द्र महतोमाथि मुद्दा चलाइएको छ। हाल उनी कारागार मा छन्। तर, घटनामा संलग्न अर्का आरोपी ४५ वर्षीय राम दहिना महतोलाई प्रहरीले पक्राउ गरे पनि जिल्ला अदालतले रिहा गरिसकेको छ।

डेंगीं भाइरसको संक्रमणबाट बच्ने उपायहरु




अनुरोधकर्ता
बृन्दावन नगरपालिका
रौतहट, मधेश प्रदेश

## तपाईको टुडे

मेष: शुभ समाचार प्राप्त हुने
वृष: मनमा पछुतो नआउने
मिथून: मित्रतामा सुधार आउने
कर्कट: अपनत्व बढने
सिंह: चोटपटक लाग्ने
कन्या: मिष्ठान भोजनको योग
तुला: काम सफल हुने
वृश्चिक: आम्दानी बढने
धनु: आकस्मीक लाभ हुने
मकर: पढाईमा रुचि बढने
कूम्भ: परिवारिक चिन्ता बढने
मीन: यात्राको योग

## मधेश प्रदेशको गौरव

श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं ।



आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलबार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा

## आवश्यक टेलिफोन नम्बरहरु

### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं १९७

### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर | 525342 |

## जलेश्वरनाथ मन्दिर पुजाआजा

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०५:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०६:३० बजे
राति ढोका बन्द हुने समय : १२ बजे
(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना )

## जानकी मन्दिर पुजाआजा

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०७:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
अन्न क्षेत्र : नि:शुल्क भोजन
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०७:३० बजे

# साँढेको लडाईंमा मोटरसाइकल ठोक्किएर सत्तारको मृत्यु

**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, ११ जेष्ठ**



जनकपुरधाम उपमहानगरपालिकाको लापरवाहीका कारण एक होनहार स्थानीय युवा नेताको ज्यान गएको भन्दै जनतामा आक्रोश फैलिएको छ । आइतबार जनकपुरधामको सडकमा दुई साढेबीचको लडाईंमा परेर मोटर साइकल दुर्घटनामा परेका स्थानीय युवा नेता सत्तार राइनको मृत्यु भएको हो । राइनको जानकी हेल्थ केयर अस्पतालमा उपचारका क्रममा मृत्यु भएको हो। उनी सामाजिक काममा सक्रिय र युवाहरुबीच लोकप्रिय थिए । स्थानीय युवा जानी खानले जनकपुर धाम उपमहानगरपालिकाको चरम लापरवाहीका कारण सत्तारको मृत्यु भएको भन्दै आलोचना गरेका छन्। उनले आक्रोशित हुँदै भने, 'नगरभित्र छाडा चौपाया नियन्त्रणका लागि करोडौं खर्च गरेर गौशाला बनाइएको छ। तर, चौपाया अझै सडकमै घुमि रहेका छन् । जनप्रतिनिधिहरु चोर हुन् । उनीहरुले बजेट तान्न मात्रै जानेका छन्।' उनले राइनको मृत्युको जिम्मेवारी नगर प्रमुख मनोज साहसहित सम्पूर्ण उपमहानगर पालिकाले लिनुपर्ने माग गरे। उनका अनुसार जनकपुरधाम उपमहानगर पालिकाको वडा नं १२ स्थित कुवामा गुठी संस्थानको १ विघा जग्गामा १ करोड रुपैयाँको लागतमा कान्जी हाउस (गौशाला) निर्माण गरिए पनि सो संरचना कार्यान्वयनमा नरहेको र अहिलेसम्म जनताको ज्यानसँग खेलबाड भइरहेको छ। उनले भने, 'हामीले जनकपुरधाम उपमहानगर पालिकाले छाडा चौपाया नियन्त्रण गर्न गौशाला बनायो भन्ने कुरा त सुन्यौं । तर, व्यवहारमा केही छैन ।

# कियाराको बिकिनी अवतारले इन्टरनेटमा खैलाबैला

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, ११ जेष्ठ**

यतिबेला बलिउड अभिनेत्री कियारा आडवाणीको चर्चा भैरहेको छ। यो चर्चा उनको 'प्रेगनेन्सी ग्लो'ले भने होइन। आगामी फिल्म 'वार २'को टिजरमा समावेश दृश्यको कारण उनी अनलाइन ट्रेन्डिङमा छिन्। टिजरमा उनलाई आकर्षक सुनौलो बिकिनी लुकमा देख्न सकिन्छ। उनको यो लुकले इन्टरनेटमा आँधी नै आएजस्तो देखिन्छ। टिजरमा कियारालाई ऋतिक रोशनको अपोजिटमा प्रस्तुत गरिएको छ। उनको उक्त दृश्य भाइरल बनेको छ। फ्यानले यसबारे कुरा गरिरहेका छन् । टिजरमा कियारा पूर्णरूपमा टोन्ड फिगरको साथमा ग्ल्यामर्स बिकिनीमा समुद्र तटमा आत्मविश्वासका साथ हिंडिरहेकी छिन् । दृश्यलाई सुन्दर ढंगले खिचिएको छ। अर्को दृश्यमा कियारा ऋतिकसँग रोमान्टिक हुँदै गरेको देखिन्छ । सामाजिक संजालमा अभिनेत्रीको प्रशंसाको गुञ्जायमान छ।
'उनी दुई सेकेन्डको सटमा पनि चम्किरहेकी छिन्'देखि 'गर्भवती होस् वा नहोस्, कियारा पूर्ण देवी हुन्' सम्म प्रशंसकले उनलाई मायाको वर्षा गरि रहेका छन्। कतिपयले टिजरमा थुप्रै आश्चर्यजनक तत्व रहेको लेखेका छन्।




# एचआइभीबाट बचौं

***एचआइभीका लक्षणहरु :***
-ज्वरो आउनु
-पखाला लाग्नु
-वजन घट्नु
-जनै खटिरा आउन सक्छन्
-कुपोषणका लक्षणहरू देखिनु
-छालाका विभिन्न समस्या आउनु
-मुख तथा घाँटीमा काई (सेतो) आउनु
-दाँत वा गिजाका समस्याहरू
-खोकी वा स्वास फेर्न गाह्रो हुनु
-चाँडै थकाइ लाग्नु वा कमजोरी हुनु आदि

***यसरी सर्दैन :***
-लामखुट्टेले टोकेर
-एउटै लुगाफाटो प्रयोग गर्दा
-चुम्बन गर्दा
-सँगै पौडी खेल्दा
-बिरामीको स्याहार सुसार गर्दा
-परिवारमा सँगै बस्दा
-एउटै भाँडामा खाना खाँदा
-हाछ्यूँ गर्दा, खोक्दा
-एउटै चर्पी प्रयोग गर्दा

***एचआइभी सर्ने माध्यम :***
-असुरक्षित यौनसम्पर्कबाट
-एचआइभी संक्रमित रगत, रगतबाट बनेका पदार्थ तथा अंगहरु लिँदा
-सुई तथा सिरिन्जको साझा प्रयोगबाट
-संक्रमित आमाबाट बच्चामा



***बच्ने उपाय :***
- सुरक्षित यौन व्यवहार अपनाउने
-सधैँ सही तरिकाले कन्डमको प्रयोग गरी यौनसम्पर्क राख्ने
-सुई तथा छाला छेड्ने औजार नयाँ मात्र प्रयोग गर्ने वा निर्मलीकरण गरेर प्रयोग गर्ने
-एचआइभी संक्रमित महिला गर्भवती नहुने
-यौनरोगको लक्षण देखापरेमा तुरुन्त उपचार गर्ने
-आफ्नो यौनसाथीलाई पनि उपचार गराउने
-अंग प्रत्यारोपण गर्नुपरेमा सम्बन्धित व्यक्तिलाई संक्रमण भए/नभएको कुरामा विशेष ध्यान पुऱ्याउने
- रगत दिँदा सो रगत संक्रमण भए/नभएको पक्का गर्ने ।

**अनुरोधकर्ता**
**जिल्ला स्वास्थ्य कार्यालय**
**धनुषा, मधेश प्रदेश**



# महिला साना किसान कृषि सहकारी संस्था लि.लक्ष्मीनियाँ

लक्ष्मीनियाँ गाउँपालिका–७,(धनुषा)
(सहकारी ऐन २०७४ अनुसार स्थापित)
मधेस प्रदेश,नेपाल

**क्याटलग/ब्रोसर सपिङ्ग विधिबाट ट्रेक्टर खरिद सम्बन्धी सिलबन्दी प्रस्ताव आव्हानको सूचना**

सूचना प्रकाशित मिति : २०८२।०२।१२

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना,परियोजना कार्यान्वयन एकाई धनुषाको आ.व.२०८१।२०८२ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार कष्टम हायरिङ्ग सेन्टर स्थापना कार्यक्रम ५०% अनुदानमा र यस महिला साना किसान कृषि सहकारी संस्था लि.लक्ष्मीनियाँको ५०% लागत साझेदारीमा ट्रेक्टर लगायत विभिन्न कृषि यन्त्र तथा उपकरणहरु खरिद गनुपर्ने भएकोले देहाय बमोजिमको कृषि यन्त्र तथा उपकरणहरु सार्वजनिक खरिद ऐन (२०६३ पहिलो संसोधन २०७३)को दफा ८ को उपदफा १(क)(८)तथा सार्वजनिक खरिद नियमावली (२०६४ (चौथो संशोधन ) को नियम ३१(ख)बमोजिम ट्रेक्टर लगायत कृषि यन्त्रहरुको उत्पादन कम्पनी वा सो को नेपलका लागि आधिकारिक बिक्रेताहरु बीच मात्र प्रतिस्पर्धा गराउने (क्याटलग) सपिङ्ग विधिबाट खरिद गनुपर्ने भएकोले सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१(ख) को उपनियम २ अनुसार यस कार्यालयमा उक्त ट्रेक्टर बिक्री गर्न नेपाल सरकारको सम्बन्धित निकायबाट प्राप्त भएको अनुमति पत्र,सो को अद्यावधिक नविकरण भएको पत्र ,स्थायी लेखा नम्बर PAN तथा मुल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्र ,आ.व.२०८०।२०८१ सम्मको कर चुक्ता गरेको प्रमाणित कागजातहरु संलग्न गरी स्पेशिफिकेशन ,गुणस्तर र कम्पनीको आधिकारिक मुल्य खुल्ने कागजातहरु (क्याटलग वा ब्रोसर) संलग्न राखि तपसिलमा उल्लेख भए बमोजिमको प्रस्ताव सूचना प्रकाशित भएको मितिले ७ औं दिन १२ बजे सम्म यस संस्थाको कार्यालयमा सिलबन्दी प्रस्ताव दर्ता गराउन सकिने छ तथा दर्ता गरिएका सिलबन्दी प्रस्तावहरु सोही दिन १४:०० बजे खोलिने छ। पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा पछिको कार्यालय खुलेको दिन पेश गर्ने वा खोलिने छ ।

**आवश्यक सवारी साधनको विवरण**

| Types of Agriculture Machinery | Requirement (General Specification ) | Required Quantity | Remarks |
|---|---|---|---|
| Tractor | Four stroke , At least 3 cylinder diesel engine. Max power output in the range of (40-50)HP at rated Rpm | Few | संक्षिप्त विवरणमा उल्लेख नभएका कुराहरु स्वीकृत technical specification बमोजिम हुनेछ। |
| Power Tiller | 4 stroke single cylinder diesel engine >18HP | Few | संक्षिप्त विवरणमा उल्लेख नभएका कुराहरु स्वीकृत technical specification बमोजिम हुनेछ। |
| Rotavator | 35-50 HP 42 Blades,6feet | Few | संक्षिप्त विवरणमा उल्लेख नभएका कुराहरु स्वीकृत technical specification बमोजिम हुनेछ। |
| Cultivator | 3 point linkage 35 HP, 11 NONS | Few | संक्षिप्त विवरणमा उल्लेख नभएका कुराहरु स्वीकृत technical specification बमोजिम हुनेछ। |
| Paddy Thresher | 35-50 HP | Few | संक्षिप्त विवरणमा उल्लेख नभएका कुराहरु स्वीकृत technical specification बमोजिम हुनेछ। |
| Land Leveller | 30-45 Hp at least 6 ft | Few | संक्षिप्त विवरणमा उल्लेख नभएका कुराहरु स्वीकृत technical specification बमोजिम हुनेछ। |
| Zero Till Seed Cum Fertilizer Drill | Rectangular frame 35 Hp | Few | संक्षिप्त विवरणमा उल्लेख नभएका कुराहरु स्वीकृत technical specification बमोजिम हुनेछ। |
| Tractor operated Reaper Front Side | 35-50 HP, 7feet | Few | संक्षिप्त विवरणमा उल्लेख नभएका कुराहरु स्वीकृत technical specification बमोजिम हुनेछ। |
| Mould Board Plough | 20-35 HP,2 NONS | Few | संक्षिप्त विवरणमा उल्लेख नभएका कुराहरु स्वीकृत technical specification बमोजिम हुनेछ। |
| 3 Tyne Ridger | 35-50 HP 3 NONS | Few | संक्षिप्त विवरणमा उल्लेख नभएका कुराहरु स्वीकृत technical specification बमोजिम हुनेछ। |

**सरोज कुमार यादव**
**संस्था प्रबन्धक**

# सहकारी ठगीमा रवि 'सुरुदेखि नै संलग्न रहेको' निष्कर्ष निकाल्न सर्वोच्चले लिएका आधारहरु

**–कृष्ण ज्ञवाली कृष्ण ज्ञवाली**

सर्वोच्चले 'तत्काल प्राप्त प्रमाणका आधारमा पूर्वगृहमन्त्री एवं रास्वपा सभापति रवि लामिछाने सहकारी ठगीमा संलग्न देखिएको' प्रारम्भिक निष्कर्ष निकालेको हो। उसले त्यो निष्कर्षमा पुग्न नौ वटा विषयवस्तुलाई आधार मानेको छ।

सर्वोच्च अदालतले पूर्वगृहमन्त्री एवं रास्वपा सभापति रवि लामिछानेलाई थुनामा राख्ने उच्च अदालत बुटवलको आदेशलाई सदर गर्दै उनलाई थुनामुक्त गर्न अस्वीकार गरेको छ। उनीसहित पूर्व डीआईजी छविलाल जोशीलाई पनि थुनामा राख्ने आदेश सदर भएको हो । रविकी पत्नी निकिता पौडेलले पेश गरेको बन्दीप्रत्यक्षीकरणको निवेदन खारेज भएको छ। न्यायाधीशहरू डा. नहकुल सुवेदी र बालकृष्ण ढकालले करिब ६ घण्टा लगाएर विभिन्न नौ आधारसहित उनलाई थुनामा राख्ने आदेशलाई उचित ठम्याएका हुन् । सर्वोच्च अदालतले ती नौ वटा आधारहरू अघि सार्दै सहकारी ठगीमा रवि लामिछाने 'संलग्न रहेनछन् भन्ने निष्कर्ष निकाल्न नसकिने' भनेको छ । आफूमाथि संलग्नताको आरोप लागेकै दिनदेखि रवि लामिछानेले निरन्तर दाबी गरेका थिए, म गोर्खा मिडियाको सञ्चालक मात्रै थिएँ, तर व्यवस्थापकको भूमिकामा थिइनँ। तर सर्वोच्च अदालतले १० भदौ २०७७ मा भएको सम्झौता र त्यसपछि उनले १५ प्रतिशत शेयर लिने निर्णय गरेकाले उनी टेलिभिजनको व्यवस्थापक नै रहेको भन्ने निष्कर्ष निकालेको हो। सर्वोच्च अदालतले आदेशमा भनेको छ, 'उक्त कम्पनीको व्यवस्थापनमा स्थापना कालदेखि नै यी प्रतिवादीको संलग्नता भएको देखिन आयो।'

२) सुप्रिमबाट दुई करोड ऋण लिएको देखियो

२ कार्तिक २०७७ देखि १ असार, २०७९ सम्म रवि लामिछाने गोर्खा मिडियाका सञ्चालक थिए । त्यो अवधिमा विभिन्न सहकारीबाट गोर्खा मिडियामा रकम आएको औंल्याउँदै सर्वोच्च अदालतले त्यसमध्येको सुप्रिम सहकारीको ऋण उल्लेख गरेको छ। बुटवलको सुप्रिम सहकारीबाट रवि लामिछानेको नाममा दुई करोड रुपैयाँ कर्जा प्रवाह भएको तथ्यमा विवाद नदेखिएको भन्दै सर्वोच्च अदालतले यसलाई पनि उनलाई थुनामा राख्ने आधारको रुपमा प्रस्तुत गरेको छ।

३) ऋणबारे थाहै थिएन भनेको कुरा खण्डित भयो

रवि लामिछानेले आफू गोर्खा मिडियाको व्यवस्थापनमा नरहेको अनि विभिन्न सहकारीबाट ऋण ल्याएको बारे कुनै थाह नभएको जिकिर गरिरहेका थिए । सर्वोच्च अदालतले ६ जनवरी २०२२ मा ४० लाख ९२ हजार सहकारीलाई भुक्तानी गरेको विषय र त्यससम्बन्धी प्रमाणलाई 'नोटिस'मा लिएको देखिन्छ। सर्वोच्चले सहकारीबाट लिएको ऋणको किस्ता रवि लामिछानेले नै तिरेको देखिएको भन्दै आदेशमा भनेको छ, 'उक्त सहकारी संस्थासँगको कर्जा कारोबारको बारेमा आफूलाई केही थाहा नभएको भन्ने प्रतिवादी (रवि लामिछाने)को भनाइ खण्डित भएको देखियो।' ४) सुरुदेखि नै संलग्नता देखियो

३० पुस, २०७७ मा मात्रै गोर्खा मिडियाको प्रबन्ध निर्देशकमा नियुक्त रवि लामिछानेले त्यसअघिको कारोबारमा आफू कुनै संलग्न नभएको जिकिर गरेका थिए। तर कम्पनीको प्रबन्ध निर्देशक हुनुअघि नै २ कार्तिक २०७७ को सञ्चालक समितिको बैठकमा उनी कार्यकारी निर्देशकको हैसियतमा उपस्थित भएको देखिएकोमा सर्वोच्चले प्रश्न उठाएको हो। साथै, त्यो बैठकले जीबी राई, छविलाल जोही र रवि लामिछानेमध्ये कुनै एकको हस्ताक्षरबाट खाता सञ्चालन गर्ने निर्णय भएको भन्दै सर्वोच्च अदालतले कम्पनीको व्यवस्थापनमा भूमिका पाउनुअघि नै रवि सहकारीको रकम लैजाने काममा संलग्न देखिएको निष्कर्ष निकालेको हो । सर्वोच्च अदालतले आदेशमा भनेको छ, 'सोही निर्णय बमोजिम खोलिएको कम्पनीको खातामा सहकारी संस्थाबाट पटकपटक रकम आएको देखिँदा सहकारी संस्थाबाट रकम लैजाने गरी भएको आर्थिक कारोबारमा यी निवेदक प्रबन्ध निर्देशक हुनुपूर्व देखि नै संलग्न भएको देखिन आयो।'

५) सहकारीकै ऋण शेयर हालेको पो भेटियो

रवि लामिछानेले गरेको सम्झौता अनुसार, उनले गोर्खा मिडियामा १५ प्रतिशतले हुने एक करोड ८० लाख रुपैयाँको निशुल्क शेयर पाएका थिए । तर उनले आधिकारिक निकायमा पेश गरेको कागजातमा आफूले 'अन्य व्यवसायको आम्दानी, ऋण सापटी र पैत्रिक सम्पत्तिबाट' शेयर हालेको भनी स्रोत देखाएकाले त्यो दावी खण्डित हुने सर्वोच्च अदालतको प्रारम्भिक दृष्टिकोण छ। त्यसका साथै उनले शेयर खरिद गर्न सहकारी संस्थाबाट कर्जा लिएको भन्दै सर्वोच्चले आदेशमा भनेको छ, 'सो कर्जा लिँदा सहकारी ऐन, नियम र संस्थाको विनियमावली लगायत प्रचलित कानुन बमोजिमको कुनै प्रक्रिया पूरा गरेको प्रथम दृष्टिमा नै देखिन आएन।'

६) कम्पनी छाडेपछि पनि चेक काटिरहे

आफू १ असार, २०७९ मा गोर्खा मिडियाबाट अलग भएको भन्दै रवि लामिछानेले त्यसपछिका कारोवारमा आफू संलग्न नभएको जिकिर गरेका थिए। उनले आफूले पहिले काटेको चेकपछि साटिएकाले कारोबार देखिएको जिकिर गरेका थिए । त्यसमाथि प्रश्न उठाउँदै सर्वोच्च अदालतले भनेको छ, 'कम्पनीको खाता सञ्चालकको हैसियतले विभिन्न मितिका चेकहरूमा हस्ताक्षर गरेको देखिएबाट उक्त कम्पनीमा निजको निरन्तर संलग्नता देखिन आयो।'

७) अरु प्रतिवादीहरुले पनि नाम पोलेका छन्

सुप्रिम सहकारीको ठगी प्रकरणमा जोडिएका अरु आरोपितहरूले पनि रवि लामिछानेको नाम पोलेको (मुछेको) भन्दै सर्वोच्च अदालतले त्यसलाई पनि उनी सहकारी ठगीको घटनामा संलग्न हुनसक्ने आधार मानेको छ। सुप्रिम सहकारीका सञ्चालकहरू ओमप्रकाश गुरुङ, कुमार रम्तेल लगायतले उनले सहकारीको रकमले टेलिभिजन खोलेको बयान गरेका थिए। छविलाल जोहीले गोर्खा मिडियाको कारोबार रवि लामिछाने र जीवी राईले हेर्ने गरेको बयान गरेका थिए। ती बाहेक अरु कर्मचारीहरुले घटना विवरण कागज गरेको भन्दै सर्वोच्च अदालतले भनेको छ, 'तत्काल प्राप्त प्रमाणबाट यी प्रतिवादी आरोपित कसूरका कसुरदार रहेनछन् भनी विश्वास गर्न सकिने मनासिव आधार देखिन आएन।'

८) खाता सञ्चालकले नै थाहा नपाउने ?

रवि लामिछाने गोर्खा मिडियाको कर्मचारी नभई कम्पनी सञ्चालक रहेको निष्कर्षलाई दोहोऱ्याउदै सर्वोच्च अदालतले उनलाई शेयरधनी र सञ्चालक मान्नुपर्ने निष्कर्ष निकालेको छ । कम्पनी स्थापना हुँदादेखि नै खाता सञ्चालनमा उनको संलग्नता देखिएको, त्यही खातामा विभिन्न सहकारीहरूबाट पटकपटक रकम आएको विषयलाई समेत सर्वोच्च अदालतले अर्को आधार मानेको छ। सर्वोच्च अदालतले आदेशमा भनेको छ, 'यी निवेदक समेतका नाममा पटकपटक रकम आएको देखिएको स्थितिमा सहकारी संस्थाबाट कम्पनीमा रकम आएको बारेमा आफूलाई केही थाहा जानकारी नभएको भन्ने प्रतिवादीको जिकिर विश्वासपद देखिएन।'

९) रवि कसुरदार होइनन् भन्न मिलेन

कुनै आरोप लागेको व्यक्तिलाई थुनामा राख्ने वा छाड्ने भन्नेबारे अदालतले हेर्ने महत्त्वपूर्ण आधार हो, तत्काल प्राप्त प्रमाणका आधारमा संलग्न वा असंलग्न । अदालतले कानुनी व्यवस्थाका आधारमा संलग्न भएको व्यक्तिलाई थुनामा पठाउँछ। माथि उल्लेख गरिएका आठ आधारलाई उनी कसुरमा संलग्न भएको देखिने आधारका रुपमा औंल्याउँदै सर्वोच्च अदालतले उनलाई थुनामा पठाउने निष्कर्ष निकालेको हो।

'तत्काल प्राप्त प्रमाणबाट यी प्रतिवादी आरोपित कसूरका कसूरदार रहेनछन् भनी विश्वास गर्न सकिने मनासिव आधार देखिन आएन' सर्वोच्च अदालतले आफ्नो आदेशमा भनेको छ, 'तसर्थ, तहाँ अदालत (उच्च अदालत, तुलसीपुरको बुटबल इजलास) बाट प्रतिवादीहरु रवि लामिछाने र छविलाल जोशीलाई पछि प्रमाण बुझ्दै जाँदा ठहरे बमोजिम हुने गरी पुर्पक्षका लागि थुनामा राखी मुद्दाको कारबाही र किनारा गर्ने गरी भएको आदेश बेरितको नदेखिँदा बदर गरिरहनु परेन।सांभार : अनलाइनखबर




# फाहोर व्यवस्थापन गरौं र गराऔं

- जथाभावी फोहोर नफालौं ,
- कुहिने र नकुहिने फोहोरलाई छुटयाएर अलग–अलग राखौं,
- घरायसी फोहोर कम गरौं,
- पुन:प्रयोग गर्न सकिने फोहोरको व्यवस्थापन गरौं,
- जैविक फोहोरबाट प्राङ्गारीक मल उत्पादन गरौं ।
- तोकिएको समय र स्थानमा मात्र फोहोर फालौं,
- प्लास्टिक,कागज,काँच जस्ता पुन:प्रयोग हुने वस्तुहरुको छुट्टै संकलन गरौं,

**फोहोर नजलाऔं,फोहोरको समुचित व्यवस्थापन गरौं र वातावरण जोगाऔं ।**

नेपाल सरकार
**विज्ञापन बोर्ड**






**बौद्धिमाई नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**रौतहट, मधेश प्रदेश नेपाल**






प्रकाशक तथा सम्पादक : पवन कुमार साह, सह-सम्पादक : सोनी साह, मुद्रक : राजर्षि जनक अफसेट प्रिंटर्स जनकपुरधाम
प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि, सम्पर्क कार्यालय : जनकपुरधाम–४ (मुरलीचौक), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday

जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ।।-कवि पवेन्द्र मानश्रेष्ठ

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
वि. महोत्तरी हु.द.नं. ४/०८०/८१

सबै क्षेत्रको प्रवर्द्धनको गुरु

www.jaleshwortoday.com

# जलेश्वर टुडे

Jaleshwor Today National Daily

एक कदम अगाडि




बर्ष १२ • अंक २१६ • २०८२ जेष्ठ १३ गते मंगलवार • 27 May 2025 • पृष्ठ ४ • मुल्य रु.५/-

# खोप सम्बन्धी सूक्ष्म छलफल

जलेश्वरटुडे समाचारदाता
धनुषा, १२ जेष्ठ



खोप कार्यक्रम सम्बन्धी सूक्ष्म योजना तर्जुमा गोष्ठी सोमबार धनुषाको लालगढमा सम्पन्न भएको छ । स्वास्थ्य कार्यालय धनुषाले आयोजना गरेको जिल्लास्तरीय खोप कार्यक्रम सम्बन्धी सूक्ष्म योजना तर्जुमा गोष्ठीमा पालिकाहरुमा खोप कार्यक्रमको अवस्थाबारे छलफल भएको हो। जिल्लाको जनकपुरधाम उपमहानगरपालिका, लक्ष्मीनियाँ गाउँपालिका, विदेह नगरपालिका र क्षीरेश्वरनाथ नगरपालिकाका बालबालिकालाई खोप लगाइएकोबारे जानकारी गराएका थिए।

लक्षित समूहलाईसम्म कार्यक्रम पुग्न सकेको छ/छैन यसको यकिन गरेर बाँकी रहेका बालबालिकालाई पनि खोप लगाएर पूर्ण खोप दीगोपना जिल्ला घोषणा गर्नमा सघाउनुपर्नेमा जोड दिएको छ । आगामी असारको पहिलो सातासम्म धनुषालाई पूर्ण खोप दीगोपना जिल्ला घोषणाको तयारी तीव्र रुपमा अगाडि बढाइएको खोप फोकल पर्सन रामविनेही यादवले बताए। गोष्ठीमा बैशाख महिनासम्म चार वटा पालिकामा संचालन भएको खोप कार्यक्रमको प्रगति प्रस्तुत गरिएको छ। बाँकी रहेकालाई केही दिनभित्रै पूरा गर्ने मार्गचित्रसमेत प्रस्तुत गरिएको हो। जिल्लालाई पूर्ण खोप दीगोपना घोषणा गर्नु अघि सबै वडा र पालिका घोषणा गर्नुपर्ने हो।

धनुषामा रहेको १ सय ६९ वटै वडा पूर्ण खोप दीगोपना घोषणा हुन बाँकी रहेको छ। जेठ २५ गतेसम्म सबै वडा घोषणा गरेर जेठ मसान्तभित्र १८ वटै पालिका घोषणा गर्ने लक्ष्य रहेको स्वास्थ्य कार्यालय धनुषाका प्रमुख उमेश कुमार यादवले बताए । यादवका अनुसार जेठ मसान्तसम्म सबै पालिका पूर्ण खोप दीगोपना घोषणा गर्ने प्रतिबद्धता पालिकाहरुबाट पनि आइसकेको छ। असारको पहिलो सातासम्म धनुषा पूर्ण खोप दीगोपना जिल्ला घोषणा हुने कार्यालय प्रमुख यादवले विश्वास व्यक्त गरे। मधेश प्रदेशको आठ मध्ये हालसम्म पर्सा जिल्लामात्र पूर्ण खोप दीगोपना घोषणा भएको छ। धनुषा पनि चालु आर्थिक वर्षको अन्त्यसम्म पूर्ण खोप दीगोपना घोषणाको तयारी छ। धनुषा जिल्लामा वर्ष दिनमा करिब २५ हजार बालबालिकालाई खोप लगाउने गरिएको छ। जन्मदेखि १५ महिनासम्मका बालबालिकालाई खोप अनिवार्य छ। ठाउँसारीका कारण छुटेका बालबालिकालाई १६ महिनादेखि ५९ महिनाभित्र खोजी गरेर खोप लगाउनुपर्ने हो। धनुषामा पनि छुटेका बालबालिकाका लागि खोज र खोप कार्यक्रम संचालन गरिएको थियो। यस अन्तर्गत छुटेका बालबालिकालाई खोप लगाइएको छ । जिल्लामा खोप कार्यक्रमको प्रगति उत्साहजनक रहेकाले आउँदो असार महिनाको पहिलो साताभित्र जिल्ला पूर्ण खोप घोषणा हुने खोप फोकल पर्सन रामविनेहीले बताए।

जिल्लाका १८ पालिकालाई समूहमा विभाजन गरेर दुई दिने योजना तर्जुमा गोष्ठी आयोजना गरिएको हो। जेठ १३ गतेदेखि सबैला

बांकी पृष्ठ २ मा।

# काठ तस्करी र अवैध फर्निचर उद्योग विरुद्ध वन कार्यालयद्वारा कडाइ



जलेश्वरटुडे समाचारदाता
धनुषा, १२ जेष्ठ

धनुषाको क्षिरेश्वरनाथ नगरपालिकामा काठ तस्करी र अवैध फर्निचर उद्योग विरुद्ध वन कार्यालयले कडाइ गर्न थालेको छ।

साइनबोर्ड विहीन अवस्थामा संचालन हुँदै आएको एक फर्निचर उद्योगमा डिभिजन वन कार्यालय धनुषाले छापा मार्दै ठूलो परिमाणमा काठ बरामद गरेको हो। क्षिरेश्वरनाथ नगरपालिकास्थित बाखाबजार नजिक सञ्चालित मनोहर साहको फर्निचर उद्योगमा गरिएको छापामारीका क्रममा करिब ४ क्यूफिट साल जातको काठ फेला परेको वन कार्यालयले जनाएको छ। उद्योगले कानुनी प्रक्रिया पूरा नगरी संचालन गर्दै आएको समेत खुलेको छ। यसैबीच, क्षिरेश्वरनाथ नगरपालिका-६ स्थित पर्वता-सखुवामहेन्द्रनगर सडकखण्डमा आइतबार बिहान काठ तस्करी गरिरहेका एक व्यक्तिलाई पनि पक्राउ गरिएको छ । बिहान करिब ५ बजे जलाध खोला हुँदै सखुवातर्फ साइकलमा साल जातको गोलिया काठ बोक्दै गरेका इच्छापुर-८ निवासी नरेश मण्डललाई वन कार्यालयको टोलीले नियन्त्रणमा लिएको हो ।

डिभिजन वन कार्यालय धनुषाका मनिष लामिछाने र कमाण्डर वैजनाथ सिंहको नेतृत्वमा खटिएको टोलीले मण्डललाई पक्राउ गरेको हो। पक्राउ परेका मण्डलसँग सम्बन्धित थप अनुसन्धान भइरहेको वन कार्यालयले जनाएको छ । वन क्षेत्रको संरक्षणमा डिभिजन वन कार्यालय धनुषाले कडाइ गर्दै आएको संकेत यी पछिल्ला कारबाहीले दिएका छन् ।

## वैदेशिक रोजगारीका सम्बन्धमा ध्यान दिनुपर्ने कुराहरु

- १८ वर्ष उमेर पूरा नभई वैदेशिक रोजगारीमा नजाऔं,
- वैदेशिक रोजगारमा जानुअघि आवश्यक सीप तथा भाषा सिकौं,
- आफू जान लागेको देश, गर्ने काम र पाउने पारिश्रमिकको जानकारी लिऔं,
- अर्काको लहैलहैमा वैदेशिक रोजगारमा नजाऔं,
- ईजाजत प्राप्त कम्पनी मार्फत रोजगारीमा जाऔं, दलालको फन्दामा नपरौं,
- सुरक्षित वैदेशिक रोजगारका लागि श्रम स्वीकृति लिएर मात्र जाऔं,
- नेपालको विमानस्थल प्रयोग गरेर मात्र वैदेशिक रोजगारमा जाऔं,
- सरकारले तोकेभन्दा बढी रकम मांगेमा तुरुन्त वैदेशिक रोजगार विभाग वा स्थानीय प्रशासनमा खबर गरौं,
- विदेशमा कमाएको रकम सुरक्षित राखौं र आधिकारिक माध्यमबाट मात्र घर पठाऔं,
- विदेशमा फजुल खर्च नगरौं, कमाएको रकम बचत गरी घर फर्की आफै उद्यमी बनौं,
- श्रम स्वीकृतीको अवधि सकिएपछी अनिवार्य स्वदेश फर्किऔं,
- पुनः जानु पर्ने भए श्रम स्वीकृति लिएर मात्र जाऔं ।

देवाही गोनाही नगरपालिका, रौतहट

## सावधान रहौं, आगलगीबाट बचौं ।

गर्मी महिना शुरु भएसँगै आगलगीका घटनाहरु बढी हुने गर्दछ । हाम्रो सानो असावधानीले ठूलो जनधनको क्षति हुने गर्दछ । त्यसैले आगलगीबाट जोगिन सावधानी अपनाऔं ।

१) सलाई, लाइटर जस्ता आगोजन्य पदार्थ बालबालिकाको पहुँचबाट टाढा राख्नुहोस् । भान्साको काम सकेपछि आगो निभाउन नबिर्सौं ।
२) घर-अफिस तथा सम्वेदनशिल स्थानमा आगो निभाउने यन्त्र राखौं ।
३) आगलगी भएमा चिच्यचाएर जानकारी गराउँदै सुरक्षित स्थानमा जाऔं ।
४) घरभित्र लुक्ने प्रयास नगरौं, घरबाहिर निस्केपछि सबै परिवार आए-नआएको यकिन गरौं।
५) धुवाँ भएको स्थानबाट निस्कँदा घोप्टो परेर वा घस्रेर निस्कौं ।
६) शरिरको कपडामा आगोले टिप्यो भने नदौडिकन आगो निभाएर मात्रै भागौं ।
७) पेट्रोल, मट्टीतेल लगायतका प्रज्वलनशील पदार्थहरु बच्चाको पहुँचबाट टाडा राखौं ।
८) आगो नियन्त्रण नहुने भएमा वारुणयन्त्र वा प्रहरीको १०० नम्बरमा फोन गरी जानकारी गराऔं ।

मधेश प्रदेश सरकार
आमसञ्चार प्राधिकरण

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक
सबै क्षेत्रको प्रवर्द्धनको सुरु
www.jaleshwortoday.com
जलेश्वर टुडे
Jaleshwor Today National Daily
एक कदम अगाडि



## सम्पादकीय....................

# वट शावित्री पर्वलाई महत्व देऊ

मिथिलानीहरू तराई मधेससहित सम्पूर्ण मिथिलाञ्चलमा सोमबार अटल सौभाग्यको कामना गर्दै वट सावित्री पर्व मनाएका छन् ।

पतिको दीर्घायुको कामना गर्दै नवविवाहिता तथा विवाहित नारीले प्रत्येक वर्ष मनाइने वट सावित्री पर्वका लागि भारत सहित सम्पूर्ण मिथिलाञ्चलका नारीहरू (मिथिलानीहरू) विभिन्न रंगीचंगी पहिरनमा देखिएका थिए । जहाँ महिला बाँसको पङ्खा र डालो किनिरहेको देख्न सकिन्छ । यस पर्वको कारण विभिन्न शृङ्गार पसल, कपडा पसल, फलफुल पसल र चुरापोतेको पसलहरुमा समेत भिडभाड देखिएको थियो ।

पतिको दीर्घायुको कामना र दाम्पत्य जीवनको सुख समृद्धिका लागि तराई, मधेसका महिलाले सोमबार वट सावित्री पर्व मनाउने गरिन्छ । मिथिलाञ्चलमा बट सावित्री पर्वलाई स्थानीय भाषामा 'बरसाइत पावइन' भन्ने गरिन्छ । जेठ कृष्णपक्ष अमावस्याका दिन मनाइने बर साइत पावइन (वट सावित्री पर्व) नवविवाहिता र सामान्य विवाहित महिलाले फरक–फरक विधिअनुसार मनाउने चलन छ । नवविवाहिता महिलाले पहिलो वरसाइत (बिहेपछि आउने पहिलो पर्व) अनिवार्य रूपमा ससुराली (श्रीमानको घर) मै मनाउनुपर्छ । नवविवाहिताले पर्वको लागि नहायखाय (स्नान गरी सात्विक भोजन) गरेपछि सोह्रश्रृङ्गार अर्थात लाउने लुगादेखि चुरासम्मका सबै शृङ्गार र पहिरनका सामग्री माइतबाटै पठाइन्छ । पर्वका दिन बिहानै नुवाइधुवाइ गरी रातो, पहेँलो पहिरनमा नजिकको वर (वट)को रूखमुनि बसेर नवविवाहितले आफ्ना पतिका साथ पूजा गर्दछन् । उपलब्ध भए वर र पीपल दुवैसँगै भएको ठाउँमा वा नभए वरको रूखमुनि पीपलको हाँगा गाडेर भए पनि वर र पीपल दुवैको उपस्थितिमा पति र पत्नी मिलेर पूजा गरिन्छ । यस दिनलाई अझै महत्व दिनको लागि मिथिलानीहरुलाई विशेष सम्मान स्वरुप यस दिनमा अगामी वर्षदेखि मधेस प्रदेशमा सार्वजनिक बिदाको घोषणा हुन जरुरी देखिन्छ ।

# संघीय गणतान्त्रिक गठबन्धनको घोषणा जेठ १५ गते जनकपुरमा गरिने, चार दलका अध्यक्षहरूले जनताको पक्षमा नयाँ वैकल्पिक शक्ति निर्माण गर्ने प्रतिबद्धता जनाए



**जलेश्वरटुडे समाचारदाता**
**सर्लाही, १२ जेष्ठ**

देशमा संघीयता, गणतन्त्र, धर्मनिरपेक्षता र समावेशी लोकतन्त्रको रक्षा र सुदृढीकरणका लागि विभिन्न विचारधाराका चार दलहरूबीच गठबन्धन निर्माणको तयारी अन्तिम चरणमा पुगेको छ । यही सन्दर्भमा आज सर्लाहीको बरहथवामा सम्पन्न उच्चस्तरीय बैठकले आगामी जेठ १५ गते (गणतन्त्र दिवस) को अवसरमा जनकपुरधाममा "संघीय गणतान्त्रिक गठबन्धन" को औपचारिक घोषणा गर्ने निर्णय गरेको छ ।

बैठकमा सहभागी नेताहरूले संयुक्त रूपमा दिएको भनाइमा उनीहरूले यस गठबन्धनलाई नयाँ युगको राजनीतिक आवश्यकता र जनताको भावना अनुसारको कदम भनेका छन् ।

**मो. रिजवान अन्सारी, अध्यक्ष, नेपाल संघीय समाजवादी पार्टी-**

**"हामीले रगत बगाएर ल्याएको गणतन्त्र, संघीयता र समावेशीतालाई कमजोर पार्ने प्रयास भइरहेका छन् । अब यो गठबन्धनले ती सवै उपलब्धिहरूको रक्षा गर्दै जनताका मुद्दामा केन्द्रित भएर काम गर्नेछ ।"**

**हरिनन्दन कुमार रंजन, अध्यक्ष, बहुजन एकता पार्टी नेपाल-**

**"बहुजन, दलित, आदिवासी, मुस्लिम, मधेसी, महिला, युवा लगायत पछाडि पारिएका समुदायका आवाजलाई स्थापित गर्न वैकल्पिक राजनीतिक शक्ति निर्माण अत्यावश्यक भइसकेको छ। यो गठबन्धन नयाँ आशा र विश्वासको सुरुवात हो ।"**

**रामकुमार महतो, अध्यक्ष, नेपाल सद्भावना पार्टी-**

**"हामी सद्भाव, समानता र समावेशीताका आधारमा राजनीति गर्न चाहन्छौं। गठबन्धनको माध्यमबाट हामी समग्र मधेस र सिमान्तकृत समुदायको समृद्धि र सम्मानको बाटो खोल्न गइरहेका छौं ।"**

**डि.पी. निषाद सहनी, अध्यक्ष, नेपाल जनजागृति पार्टी-**

**"हामी निषाद, दलित,पिछ्डा,मुस्लिम , र अन्य श्रमिक वर्गका आवाजलाई संविधान र नीति निर्माणको मूलधारमा ल्याउनेछौं। गठबन्धनमार्फत जनताको सरकार निर्माण हाम्रो मुख्य लक्ष्य हुनेछ ।"**

बैठकले घोषणापत्रको तयारी, सांगठनिक संरचना, प्रचार रणनीति र दीर्घकालीन कार्ययोजना तय गर्ने जिम्मेवारी पनि संयुक्त रूपमा लिएको जनाएको छ ।

गठबन्धनको औपचारिक घोषणा जनकपुरधाममा जेठ १५ गते विशेष कार्यक्रम मार्फत गरिनेछ, जसमा देशभरका हजारौं कार्यकर्ता, बुद्धिजीवी, सञ्चारकर्मी र नागरिक समाजका प्रतिनिधिहरूको सहभागिता अपेक्षित गरिएको छ । राजनीतिक विश्लेषकहरूका अनुसार, यो गठबन्धनले संघीय गणतान्त्रिक प्रणालीलाई सुदृढ बनाउँदै, सिमान्तकृत समुदायका अधिकार सुनिश्चित गर्ने दिशामा नयाँ राजनीतिक लहर ल्याउने सम्भावना बलियो देखिएको छ ।

*खोप सम्बन्धी.........*

नगरपालिका, औरही गाउँपालिका, मिथिला बिहारी नगरपालिका, नगराइन नगरपालिका, धनुषाधाम नगरपालिका र मुखियापट्टी गाउँपालिकाका लागि दुई दिने योजना तर्जुमा गोष्ठी आयोजना गरिने भएको छ । यस्तै जेठ १५ र १६ गते शहीदनगर नगरपालिका, जनकनन्दनी गाउँपालिका, कमला नगरपालिका, धनौजी गाउँपालिका र हंसपुर नगरपालिकाका स्वास्थ्यकर्मीहरु गोष्ठीमा सहभागी हुने छन् । जेठ १७ गतेदेखि १८ गतेसम्म हुने गोष्ठीमा गणेशमान चारनाथ नगरपालिका, मिथिला नगरपालिका र बटेश्वर गाउँपालिकाका स्वास्थ्यकर्मीहरु सहभागी हुने छन् । बालबालिकाहरु फेला पर्दा गुणस्तरीय खोप सेशन गर्न आवश्यक सिकाईबारे गोष्ठीमा छलफल गरिएको लक्ष्मीनियाँ गापाबाट सहभागी स्वास्थ्यकर्मी दिपेन्द्र यादवले बताए ।





अनुरोधकर्ता
बृन्दावन नगरपालिका
रौतहट, मधेश प्रदेश


## तपाईको टुडे

मेष: अशुभ समाचार प्राप्त हुने
वृष: अनावश्यक खर्चको संभावना
मिथुन: पिछडेको साथी मिल्ने
कर्कट: विचार गरेर बोल्नुहोला
सिंह: आम्दानी हुने
कन्या: अनावश्यक चिन्ता
तुला: मनमा पछुतो आउने
वृश्चिक: मित्रतामा फाटो आउने
धनु: पढाईमा ध्यान दिनुपर्ने
मकर: खानपानमा समस्या आउने
कुम्भ: लामो यात्राको योग छ
मीन: शुभ कार्यको शुरुवात


## मधेश प्रदेशको गौरव

श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं ।



आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलबार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा


## आवश्यक टेलिफोन नम्बरहरु

### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

**आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं १९७**

### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| **जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर** | 525342 |

## जलेश्वरनाथ मन्दिर पुजाआजा

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०५:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०६:३० बजे
राति ढोका बन्द हुने समय : १२ बजे
(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना )

## जानकी मन्दिर पुजाआजा

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०७:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
अन्न क्षेत्र : नि:शुल्क भोजन
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०७:३० बजे

# भारत-क्यानाडा कूटनीतिक सम्बन्ध सुधार गर्न सहमत, जयशङ्कर र आनन्दबीच संवाद

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, १२ जेष्ठ



भारतका विदेशमन्त्री सुब्रह्मण्यम जयशङ्करले आफ्ना क्यानाडाली समकक्षी अनिता आनन्दसँग आइतबार राति टेलिफोनमा कुरा गरेका छन्।

यस वार्तामा दुवै पक्षले द्विपक्षीय सम्बन्धलाई सहज बनाउन खोजिरहेको बताइएको छ । यो टेलिफोन संवाद मार्चमा मार्क कार्नी क्यानाडाका प्रधानमन्त्री बनेपछि ओटावा र नयाँदिल्लीबीचको सबैभन्दा उच्च कूटनीतिक सम्पर्क हो। सन् २०२३ मा क्यानाडाली सिख हरदीप सिंह निज्जरको हत्यामा नयाँदिल्लीको संलग्नता रहेको आरोप लागेपछि क्यानाडा र भारतबीचको सम्बन्ध तनावपूर्ण बनेको थियो। उक्त आरोपलाई भारतले अस्वीकार गर्दै आएको छ। विदेशमन्त्री जयशङ्करले अनिता आनन्दसँग 'भारत-क्यानाडा सम्बन्धका सम्भावनाहरूबारे छलफल गरेको' र 'उहाँको कार्यकाल सफल हुने कामना गरेको' बताए। आनन्दले पनि एक्समा आफू 'क्यानाडा-भारत सम्बन्धलाई बलियो बनाउन, आर्थिक सहयोगलाई गहिरो बनाउन र साझा प्राथमिकताहरूलाई अगाडि बढाउन' इच्छुक रहेको बताएकी छन्।

अनिता आनन्दका अभिभावकहरू भारतीय मूलका हुन्। क्यानाडा भारत बाहिरको सबैभन्दा ठूलो सिख समुदायको घर हो र यसमा 'खालिस्तान' का कार्यकर्ताहरू छन्।

# 'परिवर्तन' निर्माण घोषणा, मुख्य भूमिकामा र सुशीलसँगै अञ्जना

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, १२ जेष्ठ



फिल्म 'परिवर्तन' निर्माण घोषणा गरिएको छ। 'परिवर्तन'मा तीन दशकभन्दा बढी समयदेखि फिल्म क्षेत्रमा सक्रिय विजय केरुङको निर्देशन रहेनछ ।

फिल्म इमानदार प्रहरी अफिसरको कथामा निर्माण हुन लागेको हो । फिल्मले कानुन प्रतिको कर्तव्य र प्रेमप्रतिको दायित्वबिचको सङ्घर्ष भन्नेछ । फिल्मले नेपालको सिमाना सुरक्षाको संवेदनशीलता, भ्रष्टाचारको जालो र गरिब, दुखी तथा असहाय जनताको पीडादायी यथार्थसमेत देखाउने दाबी गरिएको छ । फिल्मका लागि अञ्जना बराइली र सुशील श्रेष्ठ मुख्य भूमिकामा अटाएका छन् । 'आउटल: दफा २१९'बाट एक्सन अभिनेताका रूपमा पुनरागमन गरेका सुशील श्रेष्ठका लागि निर्देशक केरुङले 'परिवर्तन' अर्को माइलस्टोन साबित हुने दाबी गरेका छन्। 'महापुरुष', 'पुजार सार्की' र 'पूर्णबहादुरको सारङ्गी' जस्ता सफल फिल्ममा काम गरिसकेकी अञ्जनाको 'महाभोज' रिलिज हुँदैछ।

फिल्ममा सुशील र अञ्जनाको अलवा सुनिल थापा, बुद्धि तामाङ, करिश्मा मानन्धर, आशा पौडेल, सुवास मेचे, पुकार भट्टराई, आएशा कार्की, गौतम तिवारी, यमनाथ खरेललगायत कलाकारको पनि अभिनय रहनेछ । दिव्यासी फिल्मस् प्रा.लिको ब्यानरमा निर्माण हुने फिल्मका निर्माता दीपक सिवाकोटी हुन् । कथा समेत सिवाकोटीकै रहेको फिल्ममा पटकथा तथा संवाद शिवम अधिकारीको रहेको छ । शिव ढकालको छायांकन, भूपेन्द्र अधिकारीको सम्पादन, श्री श्रेष्ठको द्वन्द्व, कमल राईको नृत्य फिल्ममा रहनेछ । फिल्मको 'परिवर्तन' छायाङ्कन आगामी हप्ताबाट सुरु हुने बताइएको छ। पूर्वी नेपालका विभिन्न जिल्लाहरूमा छायाङ्कन हुने फिल्मको प्रदर्शन यसै वर्षभित्र हुनेछ।

# एकडरामा अति विपन्न परिवारको जीवनस्तर उकास्ने लक्ष्यसहित ग्राजुएसन कार्यक्रम सम्पन्न

आरजे ईर्शाद शेख
महोत्तरी, १२ जेष्ठ



एकीकृत ग्रामीण विकास समाज र वर्ल्ड भिजन ईन्टरनेसनल नेपालको साझेदारीमा सञ्चालित एकीकृत पोषण तथा उत्थानशील जीविकोपार्जन परियोजना अन्तर्गत अति विपन्न घरपरिवारलाई लक्षित ग्राजुएसन कार्यक्रम एकडरा गाउँपालिका-२ बेलामा सम्पन्न भएको छ। संस्थाकी सक्रिय सदस्य धनमाया मगरको अध्यक्षतामा आयोजित कार्यक्रममा एकडरा गाउँपालिका अध्यक्ष दिपनारायण मण्डल प्रमुख अतिथिका रूपमा सहभागी हुनु भएको थियो। कार्यक्रमले अति विपन्न समुदायका परिवार हरूलाई आत्मनिर्भर बनाउन परियोजनाले पुऱ्याएको योगदान र तिनीहरूको सामाजिक तथा आर्थिक उत्थानमा देखिएको सकारात्मक परिवर्तनको चर्चा गरिएको थियो। सहभागी परिवारहरूलाई अब आफ्नै सीप र स्रोतसाधनमार्फत जीवनस्तर उकास्न प्रेरणा मिलेको छ। स्थानीय सरकार, सरोकारवाला निकाय र समुदायको सहकार्यमा परियोजनाले निम्न वर्गका नागरिकहरूलाई दिगो सुधारतर्फ डोहोर्याउने उद्देश्यले कार्यक्रम अगाडि बढाइरहेको छ।

कार्यक्रममा पालिका अध्यक्ष, उपाध्यक्ष, वडा अध्यक्ष, पत्रकार र क्षेत्रीय कर्मचारी हारुको उपस्थित थिए।

# फाइनलभन्दा १० मिनेटअघि विमानस्थलमा ओलर्दै गरेका राजाले जब विजयी शट प्रहार गरे

जलेश्वरटुडे समाचारदाता
जनकपुरधाम, १२ जेष्ठ



पाकिस्तान सुपर लिग (पीएसएल)को इतिहासमा सबैभन्दा नाटकीय क्षणमध्येको एक रहरुयो आइतबारको फाइनल।

जिम्बाबेका अलराउन्डर सिकन्दर राजाले लाहोर कालान्दर्सलाई उपाधि जिताउन महत्वपूर्ण भूमिका खेले तर उनी फाइनल खेल्नुअघिको प्रसंग भने रोचक छ। उनी फाइनल खेलको टस हुनुभन्दा १० मिनेटअघि मात्रै पाकिस्तानको लाहोर ओर्लिएका थिए, त्यो पनि कुनै नजिकको ठाउँबाट होइन, इंग्ल्याण्डबाट यूएई अनि त्यहाँबाट पाकिस्तान। एक दिनअघि इंग्ल्याण्डसँगको टेस्टको दोस्रो इनिङमा ६० रन बनाएका राजा खेल सकिएपछि विमानस्थल हानिएका थिए र यूएईको दुबई आएर ब्रेकफास्ट गरे भने अबुधाबी पुगेर लन्च गरे।

त्यहाँबाट पाकिस्तानको लाहोर प्रस्थान गरेका उनी विमानस्थलबाट सिधै आइतबारको पीएसएल फाइनल खेल्न मैदानतर्फ नै लागे। फाइनल खेलमा उनले चारै ओभर बलिङ गरेर पछि ब्याटिङमा पनि विजयी चौका उनैले प्रहार गरेका थिए । अन्तिम ओभरमा १३ रन आवश्यक हुँदा उनले चौथो बलमा छक्का र पाँचौं बलमा चौका प्रहार गरे । खेलपछि राजालाई टोलीका अन्य खेलाडीहरूले काँधमा बोकेका थिए । 'टोलीलाई मेरो आवश्यकता थियो, थकाइलाई बेवास्ता गरें र यात्रा गरें।

# एचआइभीबाट बचौं

***एचआइभीका लक्षणहरु :***
-ज्वरो आउनु
-पखाला लाग्नु
-वजन घट्नु
-जनै खटिरा आउन सक्छन्
-कुपोषणका लक्षणहरू देखिनु
-छालाका विभिन्न समस्या आउनु
-मुख तथा घाँटीमा काई (सेतो) आउनु
-दाँत वा गिजाका समस्याहरू
-खोकी वा स्वास फेर्न गाह्रो हुनु
-चाँडै थकाइ लाग्नु वा कमजोरी हुनु आदि

***यसरी सर्दैन :***
-लामखुट्टेले टोकेर
-एउटै लुगाफाटो प्रयोग गर्दा
-चुम्बन गर्दा
-सँगै पौडी खेल्दा
-बिरामीको स्याहार सुसार गर्दा
-परिवारमा सँगै बस्दा
-एउटै भाँडामा खाना खाँदा
-हाछ्यूँ गर्दा, खोक्दा
-एउटै चर्पी प्रयोग गर्दा

***एचआइभी सर्ने माध्यम :***
-असुरक्षित यौनसम्पर्कबाट
-एचआइभी संक्रमित रगत, रगतबाट बनेका पदार्थ तथा अंगहरु लिँदा
-सुई तथा सिरिन्जको साझा प्रयोगबाट
-संक्रमित आमाबाट बच्चामा



***बच्ने उपाय :***
- सुरक्षित यौन व्यवहार अपनाउने
-सधैं सही तरिकाले कन्डमको प्रयोग गरी यौनसम्पर्क राख्ने
-सुई तथा छाला छेड्ने औजार नयाँ मात्र प्रयोग गर्ने वा निर्मलीकरण गरेर प्रयोग गर्ने
-एचआइभी संक्रमित महिला गर्भवती नहुने
-यौनरोगको लक्षण देखापरेमा तुरुन्त उपचार गर्ने
-आफ्नो यौनसाथीलाई पनि उपचार गराउने
-अंग प्रत्यारोपण गर्नुपरेमा सम्बन्धित व्यक्तिलाई संक्रमण भए/नभएको कुरामा विशेष ध्यान पुऱ्याउने
- रगत दिँदा सो रगत संक्रमण भए/नभएको पक्का गर्ने ।

अनुरोधकर्ता
**जिल्ला स्वास्थ्य कार्यालय**
धनुषा, मधेश प्रदेश




अनुरोधकर्ता
**बौद्धिमाई नगरपालिका**
रौतहट, मधेश प्रदेश

# सार्वजनिक निजी साझेदारी : राज्यकोषमाथि खेलबाड

-विगत ३ दशकदेखिको निजीकरणको असफल परिणामलाई बेवास्ता गर्दै कम विकसित मुलुकहरूमा असफल रहेको पीपीपी अवधारणालाई नेपालमा पुन: अगाडि सारिएको छ । सार्वजनिक निजी साझेदारी (पीपीपी) को अवधारणा सरकार, निजी क्षेत्र, सर्वसाधारण र प्रभावित क्षेत्रका जनताको सहभागिताले ठूला सार्वजनिक आवश्यकता र पूर्वाधारका आयोजनामा पुँजी संकलन र सक्षम व्यवस्थापनको संयोजनबाट स्रोतसाधनको अधिकतम उपयोग गरी उच्च प्रतिफल प्राप्त गर्न सकिन्छ भन्ने मान्यतामा आएको हो । परियोजनामा आइपर्ने जोखिम कम गरेर समयमा निर्माण सम्पन्न गर्ने, सार्वजनिक कोषमाथिको व्ययभार कम गर्ने र निजी क्षेत्रको पुँजी, व्यवस्थापन र प्रविधिमा पहुँच पुर्‍याउने अभिप्रायले यो अवधारणा विकसित मुलुकहरूले दशकौं अगाडिदेखि कार्यान्वयनमा ल्याएका थिए ।

वित्तीय सहभागितामात्र नभएर सरकारले नागरिकलाई पुर्‍याउनुपर्ने सेवा-सुविधा, पूर्वाधार विकास, रोजगारी सिर्जना र आर्थिक वृद्धिमा सहयोग पुर्‍याउने सरकारको सदिक्षासहित ल्याइएको यो अवधारणा विकसित पश्चिमी मुलुकहरूमा पनि पूर्ण रूपमा सफल हुन सकेन । धनी मुलुकहरूले राज्यकोषबाट दायित्व व्यहोर्नुपर्‍यो । कम विकसित मुलुकहरूको सामर्थ्यभन्दा बाहिरका दीर्घकालीन दायित्व बहन गर्नुपर्ने ठूला आयोजनामा सफलताको मात्रा अत्यन्त कम छ । ठूला पूर्वाधारमा स्वाभाविक रूपमा आवश्यक पर्ने ठूलो वित्तीय स्रोत र यसको प्रबन्ध, सहभागिताबाटै सुरु हुने सहभागीहरूबीचको विवाद, कार्यान्वयनका क्रममा हुने हस्तक्षेप, ठेक्का प्रणालीमा अपारदर्शिता र वित्तीय जोखिम बहन गर्ने प्रणाली आयोजना असफल हुनुका प्रमुख कारण बनेका छन् । सार्वजनिक क्षेत्र र निजी क्षेत्रबीच आयोजना निर्माण चरणदेखि नै सोचमा फरकपन र 'स्वार्थको द्वन्द्व' को अवस्था आउने हुनाले आयोजना सम्पन्न नहुँदै बीचमै असफल हुन्छ । ठूला आयोजनाहरूमा सपना बाँडिन्छ तर वास्तविक धरातलीय यथार्थ फरक हुन्छ । पीपीपी असफल हुनुमा समग्रतामा कमजोर आर्थिक अवस्थाअन्तर्गत न्यून आर्थिक वृद्धि, सुस्त व्यापारिक स्थिति, बढ्दो वित्तीय असन्तुलन, कमजोर मुद्रा (विनिमय दर) र बढ्दो सार्वजनिक ऋणभार पर्छन् । नेपालको सन्दर्भमा यी सूचकहरू सकारात्मक छैनन् । सफलताका लागि आवश्यक पर्ने राजनीतिक स्थायित्व र सुशासनअन्तर्गत जवाफदेहिता, भ्रष्टाचारको स्थिति, लगानीको वातावरण र कर्मचारीतन्त्र पनि सकारात्मक छैनन् । साथै सहभागिता, निजी क्षेत्रको सक्रियता, आयोजना कार्यान्वयन तरिकाको प्रस्टता र स्रोतको अनिश्चितता छ ।

नेपालको सन्दर्भमा यी तत्त्वहरूको वस्तुस्थिति एवं सूचक पक्षमा छैनन् र अनुभव पनि तीतो छ । त्यसैले, पीपीपीमा हौसिने अवस्था छैन । समय बिताउन र नागरिकलाई सेवा प्रवाहमा ढिलाइ गर्न पीपीपीको नारा दिनु भनेको सार्वजनिक स्रोतको अधिकतम उपयोगमा ध्यान नपुर्‍याउनु नै हो । पीपीपीजस्तो जटिल विषयमा अनन्तकालीन वित्तीय दायित्व पर्ने काममा निजी क्षेत्रले आयोजनाबाट हात झिकेको अवस्थामा बच्ने उपायका बारेमा विकल्पसहितको योजना नबनाई, 'मोडालिटी'मा प्रस्ट नभई हामफाल्नु राज्यकोषमाथिको खेलबाड हुनेछ । केही ठूला असफल आयोजनाहरू: विकसित मुलुकहरूमा पनि सार्वजनिक निजी साझेदारीका ठूला आयोजनाहरू असफल भएका प्रशस्त उदाहरण छन् । उल्लेख्य रूपमा खर्च बढेको र धेरै समय लागेको चर्चित बर्लिन ब्रान्डेनबर्ग विमानस्थल २ अर्ब युरोमा सन् २०११ मा निर्माण सम्पन्न गर्ने गरी पीपीपीमा सञ्चालन भएको आयोजनाको लागत ७.३ अर्ब युरो पुगेर सन् २०२० मा मात्र सञ्चालनमा आयो । बढेको लागत, अपारदर्शी निर्णय प्रक्रिया र व्यवस्थापकीय कमजोरीको आलोचना यो पीपीपी आयोजनाले व्यहोरेको थियो । सिड्नी लाइट रेल पीपीपी आयोजना असफल हुनुमा योजना निर्माण, निर्माणमा सहभागीहरूबीच अविश्वास, स्वार्थको द्वन्द्व, सरोकारवालाहरूको असहभागिता र जोखिम मूल्यांकनमा ध्यान नदिएका कारणले समस्या आएको हो । सन् २००६ मा निजीकरण गरिएको इन्डियाना टोल रोड कन्सोर्टियमलाई ७५ वर्षका लागि लिजमा दिइएकोमा वित्तीय कठिनाइका कारण सन् २०१४ मा टाट पल्टिएको घोषणा गर्नुपरेको थियो । अति महत्त्वाकांक्षी आयोजना देखाएर थाइल्यान्डले सुरु गरेको रेलवे परियोजनाले विनिमय दर परिवर्तनको भार थेग्न सकेन । यस्तै, क्वालालम्पुर लाइट रेल परियोजनाले एसियाली आर्थिक संकटको बेलामा उच्च मुद्रास्फीति वृद्धि थेग्न नसक्दा आयोजना असफल भयो । अमेरिकाको सान फ्रान्सिस्कोको पुल, लन्डनको मेट्रोरेल, इटालीको पिसा टावर, मस्कट क्यानाडाको पावर प्लान्ट, गुजरात भारतको थर्मल प्लान्ट, भुटानको ताला जलविद्युत् ट्रान्समिसन, स्पेनको अफशोर ग्यास प्लान्ट, लेसोथोको अस्पताल, फिलिपिन्सको मनिला खानेपानी, नेपालको मेलम्ची खानेपानी असफल आयोजनाहरूमा पर्छन् । भारतको गुजरातमा सन् २००६ मा टाटा कम्पनीलाई बिल्ट, अपरेट, ओन (बीओओ) मोडलमा ४ हजार मेगावाट क्षमताको थर्मल प्लान्ट बनाउन दिइएको थियो । यसको कुल लागत ४ अर्ब अमेरिकी डलरमध्ये ६० करोड डलर टाटा समूहको इक्विटी सेयर, १.८ अर्ब डलर बाह्य ऋण (विश्व बैंक, एसियाली विकास बैंक र आईएफसी) र ८० करोड डलर आन्तरिक ऋण लिने प्रबन्ध गरिएको थियो । सरकारले विभिन्न सुविधा-सहुलियत उपलब्ध गराएको थियो । आयोजनाको नोक्सानी सेयर चुक्ता पुँजी बराबर भारतीय रुपियाँ ६५ अर्ब पुगेपछि टाटा समूहले १ रुपैयाँमा सरकारलाई ५१ प्रतिशत सेयर बेच्ने प्रस्ताव गरेको थियो । यसको उद्देश्य दायित्व सरकारमा सार्नु थियो ।

विश्वभरको पीपीपीमा असफल आयोजनाहरूको स्थिति हेर्दा खारेज भएका ५५ प्रतिशत पीपीपी आयोजनाहरू विकासशील एसियाली मुलुकका छन् । असफल भएका पीपीपी आयोजनाहरू यातायात क्षेत्रमा ४२ प्रतिशत, ऊर्जा क्षेत्रमा २३ प्रतिशत र पानीमा १९ प्रतिशत पर्छन् । नेपालको असफल परिणाम: निजी क्षेत्रको पुँजी र सीप सार्वजनिक क्षेत्रमा उपयोग गर्न सकिन्छ भन्ने आशामा प्रवर्द्धन गरिएको सार्वजनिक निजी साझेदारी (पीपीपी) को अवधारणा असफल भएको छ । विगत ३ दशकदेखिको निजीकरणको असफल परिणामलाई बेवास्ता गर्दै कम विकसित मुलुकहरूमा असफल रहेको पीपीपी अवधारणालाई नेपालमा पुन: अगाडि सारिएको छ । नागरिकलाई गुणस्तरीय र सुलभ सार्वजनिक सेवामा पहुँच, वातावरण संरक्षणका दिगो आधारलाई बेवास्ता गरी भोलि उल्ट्याउन नसकिने 'दायित्व सरकारको, मुनाफा निजी व्यवस्थापकको' सोचबाट अभिप्रेरित धारणालाई बोकेर हिँड्नु भूल हुनेछ ।

साभार : कान्तिपुर ।




## सूचना । सूचना ॥ सूचना ॥।

उपरोक्त सम्बन्धमा मिति २०८२।०२।१२ गते श्री महिला साना किसान कृषि सहकारी संस्था लि.लक्ष्मीनियाँले जलेश्वर टुडे राष्ट्रिय दैनिकमा प्रकाशित गरेको सूचनामा ट्रेक्टरको हकमा ४५ देखि ५० H.P. हुनुपर्नेमा ४० देखि ५० H.P. हुन गएकोले सो सच्याइएको व्योहोरा सबैमा जानकारीको लागि अनुरोध छ ।

संस्था प्रबन्धक

## मेलमिलापबाट विवादको समाधान गरौं ।

**मेलमिलापबाट:**

- विवाद छिटो, कम समय र खर्चमा समाधान हुन्छ,
- सम्बद्ध पक्षले आफ्नो ईच्छाअनुसार समाधान खोज्ने मौका पाउँछन्,
- आपसी सम्बन्ध सुधार हुन सक्छ,
- सम्बद्ध सबै पक्षलाई तिजको अनुभव गराउँछ,
- तटस्थ र निष्पक्ष रुपमा विवादको समाधान हुन सक्छ,

**विवाद समाधानमा मेलमिलाप पद्धतिलाई अपनाऔं र अरुलाई पनि उत्प्रेरित गरौं ।**

**नेपाल सरकार**

**विज्ञापन बोर्ड**




**अनुरोधकर्ता**
**चन्द्रपुर नगरपालिका**
**रौतहट, मधेश प्रदेश**





प्रकाशक तथा सम्पादक : पवन कुमार साह, सह-सम्पादक : सोनी साह, मुद्रक : राजर्षि जनक अफसेट प्रिंटर्स जनकपुरधाम
प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि, सम्पर्क कार्यालय : जनकपुरधाम–४ (मुरलीचौक), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday